बैठक संख्या : ११ स्थान : रासी नगरपालिका

मिती : २०७९।०९।२१ गते समय : दिनको ४:००बजे

यस रासी नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसी निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**तपसिल**

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री शमशेर लामा | प्रमुख |
| | श्री देवेन्द्र लामा | नगर उप-प्रमुख |
| | श्री सिद्दिलाल स्याङ्तान | वडा अध्यक्ष वडा नं. १ |
| | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं. २ |
| | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री सिताराम बल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री जल्लु थारु महतो | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री खड्क बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री तेज बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. १० |

| | | |
|---|---|---|
| | श्री बुद्धिबहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ११ |
| | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं. १२ |
| | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं. १३ |
| | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य |
| | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य |
| | श्री कविता राई | कार्यपालिका सदस्य |
| | श्री रमिता परियार | कार्यपालिका सदस्य |
| | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य |
| | श्री आइति देवी दराई | कार्यपालिका सदस्य |
| | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य |
| | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री गुनु वि.क | आमन्त्रित जिल्ला समन्वय समिति सदस्य |

विशेष उपस्थिति।

| | | |
|---|---|---|
| | चुडामणी शर्मा गौतम - जि.स.अ. - जिसस | |
| | सविता चौधरी - सहायक - .. | |
| | सुनिता रिमाल - ~~सदस्य~~ - लेखापाल - जिसस | |
| | शम्भु पौडेल - शाखा प्रमुख - जिसस | |

बैठक संख्या : ११ बैठक मिति : २०७९।०९।२१

निर्णयहरु

निर्णय नं १

गत मंसिर २२ र पौष ७ एवं १३ गते बसेको बैठकको ~~समीक्षा~~ छलफल गरियो । बहुमत सदस्यहरुको उपस्थिति गराएर बैठक सुचारु गर्ने अभ्यासको पालना गर्ने निर्णय गरियो ।साथै कार्यपालिकाका बहुमत सदस्यहरुले निर्णयमा दस्तखत गरेमात्र कार्यपालिकाको निर्णय कार्यान्वयन हुने/गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस नगरपालिकाको बाह्रौ नगरसभा यहि मिति २०७९।०९।२४ गते गर्ने भनिएकोमा उक्त मितिलाई संशोधन गरी मिति २०७९।०९।२९ गते शुक्रबारका दिन नगर कार्यपालिका कार्यालयको सभाहलमा दिनको ११:०० बजे गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस कार्यपालिका बैठकमा विभिन्न शाखाबाट पेश हुन आएका तपसिल बमोजिमका ५ कार्यविधि, निर्देशिका छलफल तथा स्वीकृतको लागि बाह्रौ नगरसभामा पेश गर्ने निर्णय गरियो ।यी सबै कार्यविधिहरु अध्ययन गर्न कार्यपालिका सबै सदस्यहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

१. घरबाहल निर्देशिका २०७९ ।
२. व्यावसायिक कर सम्बन्धि कार्यविधि २०७९।
३. संघ संस्था तथा परियोजना समन्वय निर्देशिका २०७९ ।
४. नगर स्तरिय परीक्षा समिति कार्यविधि २०७९ ।
५. नगर स्तरिय प्रहरी संचालन कार्यविधि २०७९ ।

निर्णय नं. ४

यस कार्यपालिका बैठकमा पेश हुन आएको यस नगरपालिकाको आ.व. २०७९।८० को पौष १९ गते सम्मको आय र व्यायको प्रतिवेदन नगरसभामा पेश गर्ने प्रयोजनका लागि पारित गर्ने निर्णय गरियो । उक्त प्रतिवेदन लेखा समितिमा समेत पेश गरी छलफल गराई सभामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस कार्यपालिका बैठकमा बजेट संशोधनको लागि पेश हुन आएकोमा संशोधन गरी तपसिल बमोजिम पारित गरी नगर सभामा पेश गर्ने प्रयोजनका लागि पारित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | बजेट संशोधन सम्वन्धमा | जम्मा रु हजारमा |
|---|---|---|
| १ | जस्तापाता वितरण | १३०० |
| २ | विपन्न आवास | ५२०० |

Shiva Oli

| | | |
|---|---|---|
| ३ | विपद (आगलागी, महामारी, ठूला रोगको लागि मात्र) | ४०४० |
| ४ | नेपाल प्रहरी हाइवेमा सिसि क्यामरा जडान | ५०० |
| ५ | सशस्त्र प्रहरी वल भान्छा घर | ३०० |
| ७ | सब डिभिजन बन कार्यालय | १००० |
| ८ | विधुत पोल सार्ने कार्य विभिन्न वडामा | ५०० |
| ९ | आर्थिक सहायता | ३०० |
| १० | सस्कृति प्रवर्धन | ३०० |
| ११ | पहाडी ४ वडाका लागि अत्यावश्यक खानेपानी पाइप खरीद | ८०० |
| १२ | किरणटार चौघारा बाटो खण्डमा पर्ने काध विसौना उकालो बाटो | ३५०० |
| १३ | वडा स्तरका विभिन्न योजनाहरु | १३०० |
| १४ | | ० |
| | | १९०४० |

निर्णय नं. ६

राष्ट्रिय योजना आयोगबाट समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधी, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधी,२०७७ मा व्यवस्था भए बमोजिम स्थानीय तहबाट संघीय समपुरक तथा बिशेष अनुदानका लागि आ.ब. २०८०/८१ मा कार्यन्वयन हुने आयोजनाहरुको लागि प्रस्ताब तयार गरि २०७९ पौष मसान्त भित्र प्रस्ताव पेश गर्न सुचना प्रकाशन भएकोमा रासी नगरपालिकाको लागि समपुरक तथा बिशेष अनुदानका लागि राष्ट्रिय योजना आयोगमा तपशिल बमोजिमका प्राथमिकताका आधारमा आयोजना छनोट गरि अनुदान मागको लागि पेश गर्ने निर्णय गरियो।

तपसिल

क. समपुरक अनुदान तर्फ

१. पम्पा खोला नदि नियन्त्रण तथा करिडोर निर्माण रासी नगरपालिका वार्ड न. १० , वार्ड न. ७, वार्ड न. ०६ र वडा नं. ८

२. ढुंग्रे खोला तटबन्धन रासी वार्ड न. ३ , वार्ड न. ४ र वार्ड न. ०६
३. च्यात्रा खोला तटबन्धन रासी नगरपालिका वार्ड न. ८ र वार्ड न. ९
४. सुरदेबी खोला र ढाँट खोला खोल्सी तटबन्धन रासी नगरपालिका वार्ड न. २
५. घेगरी खोला तटबन्धन रासी नगरपालिका वार्ड न. ३

ख. बिशेष अनुदान तर्फ

१. रासी नगरपालिका वार्ड न. ७ , वार्ड न. १० , वार्ड न. १२ र वार्ड न. १३ जोड्ने खुरखुरे -ठकुरी भन्ज्याङ सडक तथा पर्यटन मार्ग अन्तर्गत **आँपबिसाउने उकालो सडक खण्ड निर्माण आयोजना**

२. रासी नगरपालिका वार्ड न. ५ , वार्ड न. ११ , वार्ड न. १२ र वार्ड न. १३ जोड्ने भण्डारा- कालिटार पर्यटन मार्ग अन्तर्गत **यौरालीटार देखि भन्ज्याङ सडक खण्ड निर्माण आयोजना**

३. दुधकोशो खोला तटबन्धन रासी-९

निर्णय नं. ७

वडा नं. २ को विष्णुमाया ब्लोनको मानसिक स्वास्थ्य अवस्था असन्तुलित भइ सुधार गृहमा राखेको र घरको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले मासिक १५ हजारका दरले ३ महिनाको ४५ हजार रकम उपलब्ध गराउने निर्णय गरियो । साथै वडा नं. ९ मा रहेको अमित तमाङको आन्द्राको अप्रेसन गरिएको र अत्याधिक रकम खर्च भएको र घरको आर्थिक अवस्था दैनीय रहेकोले निजलाई सहायता स्वरुप रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

निम्न वंगुरपालन समुहमा बंगुर विक्री नहुने समस्या र बंगुर मर्ने समस्या भई ठुलो क्षति हुन गएकोले निम्नानुसारको अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

वडा नं. १ को प्रेरित बहुउद्देश्यीय कृषी तथा पशुपंक्षी पालन फर्म रु - ४५००००।

वडा नं. ३ को तपसिलको बंगुरपालन

१. चन्द्र लोप्चनको फर्ममा रु १५००००।
२. रासी वंगुर पालन रु १५००००।
३. सुर्यमान लोप्चन रु १०००००।
४. बाबुलाल कोइराला रु ५००००।

निर्णय नं.९

स्थानीय तह संस्थागत क्षमता विकास (LISA) र वित्तीय क्षमता जोखिम मूल्याङ्कन (FRRA) को शाखागत नतिजा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

सम्पूर्ण वडाहरुबाट संशोधनका लागि पेश हुन आएका योजनाहरु वडा समितिको निर्णय बमोजिम संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

रत्नी नगरपालिका पशुपन्छी विकास शाखाको आ.व २०७९/०८० को लागि चाहिने भेटनरी औषधी खोप लगायत लजिस्टिक सामानहरुको प्राप्त औषध मुल्य निर्धारण गरीयो ।

**निर्णय नं. १२**

वडा नं. २ मा रहेको गोपाल स्मृति प्रतिष्ठानलाई कोठाभाडा वापत प्रति महिना रु १४५००। का दरले सञ्चालन अनुदान उपलब्ध गराउने गराउने निर्णय गरियो ।